# नरहरिनाथ गाउँपालिकाको आर्थिक वर्ष

# २०८१।०८२ को

# बजेट बक्तव्य

नरहरिनाथ गाउँ कार्यपालिकाको कार्यालय

कुमालगाउँ, कालिकोट

२०८१।०३।१०

# आर्थिक वर्ष २०८१।०८२ को बजेट बक्तव्य

**गाउँसभाका सभाध्यक्षज्यू,**
**तथा सदस्यज्यूहरू,**

नेपालको संविधान जारी भए पश्चात दोस्रो पटक स्थानीय तहको निर्वाचन भइ गठन भएको पन्ध्रौं गाउँसभामा आर्थिक वर्ष २०८१।८२ को बजेट पेश गर्न पाउँदा गौरव महशुस गरेको छु। यस महत्वपूर्ण अवसरमा नेपालको राजनीतिक एवं शासन व्यवस्था परिवर्तन गर्न आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामिले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यस तर्फ नै निर्देशित रहेको छ । जनता समक्ष प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, स्रोत साधनमा बृद्धि र प्रणालीको विकास गर्ने निति अवलम्बन गर्न प्रस्ताव गरिएको छ ।शिक्षा, स्वास्थ्य, रोजगारी,उद्यमशिलता, सामाजिक विकास, यूवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, खानेपानी तथा सरसफाई,विपद् व्यवस्थापन, मानव अधिकार प्रर्वद्धन जस्ता विषयगत क्षेत्रहरुका लागी विशेष यो बजेट तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

सिमित स्रोत साधनको व्यवस्थापन गर्दै जनताका विकासका अपेक्षाहरू संवोधन गरी सामाजिक न्याय प्राप्ती गर्नुपर्ने चूनौती गाउँपालिकामा रहेको छ। नेपालको संविधान, पन्ध्रौ योजनाको लक्ष्य तथा उद्देश्य, दिगो विकासका लक्ष्य, स्थानीय सरकार सञ्चालन ऐन तथा गाउँपालिकाको आवश्यकता समेतलाई मध्यनजर गरी कार्य संचालन गर्नुपरेको अवस्था छ।यस महत्वपूर्ण समयमा सुझाव तथा सल्लाह दिइ बजेटलाई पूर्णता दिन अमूल्य सहयोग, सुझाव तथा सल्लाह दिने सम्पूर्ण जनप्रतिनिधीहरू, पूर्व जनप्रतिनिधीहरू, राष्ट्रसेवक कर्मचारीहरू, बुद्धिजीविहरू, पत्रकार, नागरिक समाज, श्रमिक वर्ग, राजनीति दलका प्रतिनिधी, गैरसरकारी संघ तथा संस्थाहरू तथा अन्य सरोकारवाला प्रति हार्दिक आधार व्यक्त गर्दै आगामी दिनमा समेत सकारात्मक तथा रचनात्मक भूमिका निर्वाह गर्न अपिल समेत गर्दछु।

स्थानिय सरकारको रुपमा नरहरिनाथ गाउँपालिकाले व्यवस्थापकीय, कार्यकारी र न्यायीक अधिकारको प्रयोग गर्दै आएको छ ।यस सम्मानित गाउँ सभामा बजेट तथा कार्यक्रमको अतिरिक्त आर्थिक वधेयक र विनियोजन विधेयक समेत प्रतस्तुत भई पारित गर्ने कार्यक्रम रहेको छ ।

**आदरणीय गाउँ सभाका अध्यक्ष ज्यू तथा सभाका सदस्य ज्यूहरु,**

अब म सभा समक्ष चालु आर्थिक बर्ष २०८०/८१ को आम्दानी तथा खर्चको समग्र अवस्था सम्बन्धमा संक्षेपमा समिक्षा गर्ने अनुमति चाहान्छु ।

**आम्दानी तर्फ**

नरहरिनाथ गाउँपालिकामा आर्थिक बर्ष २०८०/८१ मा आन्तरिक श्रोतबाट ३ करोड ८९ लाख ८१ हजार २ सय २० र बाह्य श्रोतबाट रू.५२ करोड ४० लाख ९ हजार ७ सय ३४ गरि कुल आम्दानी रु. ५६ करोड २९ लाख ९० हजार ९ सय ५४ हुने अनुमान गरिएकोमा सम्वत २०८१ जेठ मसान्त सम्ममा आन्तरिक श्रोतबाट रु. ३ करोड ८१ लाख ८१ हजार २ सय २० आम्दानी भएको छ, जुन लक्ष्यको तुलनामा ९७ प्रतिशत हुन आउछ । बाह्य आम्दानी तर्फ रू ३९ करोड ३६ लाख ९५ हजार ६ सय ६० आम्दानी भएको छ । जुन लक्ष्यको तुलनामा ७८ प्रतिशत हुन आउछ । २०८१ जेठ मसान्त सम्म आन्तरिक र बाह्य गरि कुल रु. ४३ करोड १८ लाख ७६ हजार ८ सय ८० आम्दानी भएको छ, जुन लक्ष्यको तुलनामा ७७ प्रतिशत हुन आउछ । नरहरिनाथ गाउँपालिकाले लिएको नीति अनुरूप अपेक्षित राजश्व संकलन कम भएको व्यहोरा जानकारी गराइन्छ ।

**विनियोजन तर्फ**

चालु आर्थिक बर्ष २०८०/०८१ का लागी नरहरिनाथ गाउँपालिकाबाट कुल रू. ५६ करोड २९ लाख ९० हजार ९ सय ५४ रूपैया बजेट विनियोजन गरिएको थियो । विनियोजन बजेट मध्ये २०८० जेठ मसान्त सम्ममा चालु तर्फ रू २३ करोड ३५ लाख ३६ हजार ६ सय ४१ खर्च भएको छ । पुँजिगत एवम् पूर्वाधार तर्फ रू ५ करोड ५३ लाख ५३ हजार ३ सय ३२ रूपैयाँ गरि कुल रू २८ करोड ८८ लाख ८९ हजार ९ सय ७३ खर्च भएको छ, जुन आम्दानीको ६७ प्रतिशत हुन आउँछ ।

**सभाध्यक्ष महोदय,**

अव म आगामि आर्थिक बर्ष २०८१।८२ को बजेट तथा कार्यक्रम १५ औं सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु। आगामि बर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा बजेटका उद्देश्य हासिल गर्न मैले देहाय अनुसारका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

**अव म आगामी आर्थिक बर्ष २०८१।८२ को बजेटको उद्देश्य तथा प्राथमिकता पेश गर्न अनुमती चाहन्छु।**

**बजेटका उद्देश्यलाई निम्न अनुसार प्रस्तुत गरेको छु।**

१. स्रोत र साधनलाई सन्तुलित र समन्यायिक ढङ्गले परिचालन गरी आर्थिक असमानता र गरिवी न्यूनीकरण गर्नु,

२. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।

३. सामाजिक, आर्थिक, भौतिक पूर्वाधार विकास मार्फत समुन्नत र समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र निर्माणमा गाउँपालिकाको आर्थिक गतिविधि मार्फत योगदान गर्ने

४. शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रको विकास गर्ने

५. मानव संसाधन विकास गर्नु,

६. उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्नु,

७. गाउँपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकास गरी नागरिकमैत्री बनाउने

८. समावेशिता र सामाजिक सुरक्षा र सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहमा सुधार गर्ने

९. स्वास्थ्य र शिक्षा सेवालाई सहज र गुणस्तरीय बनाउने

१०. गाउँपालिकाको शासकीय पद्धतिमा सुधार गरी आम नागरिकलाई सुशासनको अनुभूती गराउने

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०८१/८२ को लागि नरहरिनाथ गाउँपालिकाको अनुमानित आयको विवरण प्रस्तुत गर्न गइरहेको छु।**

नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान वापत प्राप्त हुने अनुमानित रु ११ करोड ५५ लाख, सशर्त अनुदान चालु तर्फ रु २२ करोड ३९ लाख ६१ हजार, पुँजीगत १ करोड २० लाख , विशेष अनुदान १ करोड, समपुरक अनुदान १ करोड ७५ लाख, सामाजिक सुरक्षा भत्ता १२ करोड ३० लाख र राजश्व बाँडफाँडबाट प्राप्त हुने ९ करोड ८४ लाख गरि संघिय सरकारबाट विनियोजित रकम रू ६० करोड ३ लाख ६१ हजार रहेको छ ।

**त्यसै गरि प्रदेश सरकारबाट विनियोजित** समानीकरण अनुदान १ करोड ३७ लाख १६ हजार, सशर्त अनुदान चालु तर्फ २१ लाख ९८ हजार, सशर्त अनुदान पूँजीगत २ करोड ३० लाख, विशेष अनुदान १ करोड तथा समपुरक अनुदान १ करोड ५० लाख, राजश्व बाँडफाँड ७ लाख ९३ हजार ४ सय ९२ रूपैया गरि प्रदेश सरकारबाट विनियोजित रकम रू ६ करोड ४७ लाख ७ हजार ४ सय ९२ रूपैयाँ रहेको छ ।

गाउँपालिकाको अनुमानित आन्तरिक राजश्व २५ लाख र गत वर्षको बाँकी मौज्दात अनुमानित रकम रू ७५ लाख गरी जम्मा रु ६७ करोड ५० लाख ६८ हजार ४ सय ९२ रुपैयाँ अनुमानित गरिएको छ। जसमध्ये **६१ प्रतिशत चालु तथा ३९** प्रतिशत पुँजीगत खर्च हुनेगरी विनियोजन गरिएको छ।

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०८१/८२ को लागि विनियोजित कार्यक्रमको विवरण सभा समक्ष पेश गर्न अनुमती चाहन्छु।**

## कृषि तथा पशुपंन्क्षी विकास

१. कृषकसँग उपाध्यक्ष कार्यक्रमलाई यस आर्थिक बर्षमा पनि निरन्तरता दिइएको छु ।

२. नश्ल सुधारका लागी उन्नत जातका राँगा, बोका र साँढेहरु प्रत्येक वडामा वितरणका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

३. कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छु। कृषि रणनीतिक योजना अध्ययन, अनुसन्धान तथा विकासको लागि बजेट विनियोजन गरेको छु। स्याउ तथा ओखर खेति पकेट क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिइएको दिइएको छू, जसको लागि बजेट विनियोजन गरेको छु। गाउँपालिकाको सम्भाव्य क्षेत्रमा दलहन वाली पकेट क्षेत्र विकासको लागि निरन्तरता दिएको छु।

४. जनताले उत्पादन गरेका मकै भटमासको ढुवानी तथा बजारीकरण गर्न अनुदानको व्यवस्था गरेको छु ।

५. एक वडा एक संकलन केन्द्र स्थापनाका लागी आवश्यक पहल गरेको छु ।

६. दुध प्रशोधन र बजारीकरणका लागी निजी तथा सहकारी क्षेत्र सँगको साझेदारिमा दुध तथा दुग्धजन्य बस्तु उत्पादन उद्योग स्थापना गर्नका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

७. मकैवालीको प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिएको छु गाउँपालिकामा आवश्यक कृषि जनशक्तिको व्यवस्था गरी कृषि सम्बन्धी कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक कार्य गरिनेछ।

८. कृषकहरुका पशुपंक्षिमा लाग्ने रोगहरुको निदान गर्न भेटेरिनरि प्रयोगशालाको व्यवस्थापन गरि प्राविधिकहरुलाई उचित तालिमको व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

९. पशुपालन व्यवसायलाई व्यवसायिक तथा उत्पादनमुखी बनाउन नश्ल सुधारका लागी कृत्रिम गर्भाधान मिसन कार्यक्रम सञ्चालनका लागी आवश्यक बजेट विनियोजन गरेकोछु। कृषि तथा पशुपंछि र मत्स्य पालन सम्बन्धी तथ्याङ्क अद्यावधिक गरिनेछ। किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिइ अभियानको रुपमा सञ्चालन गरिनेछ।

१०. सबै वडामा व्यावसायिक सम्भावनाका आधारमा बाली विशेषका उत्पादन क्षेत्र(पकेट क्षेत्र) घोषणा गरी सोही अनुसार बाली विशेष उत्पादन कार्यक्रम संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

११. कृषि पेशालाई व्यवसायिक रुपमा अगाडी बढाइ गाउँपालिकामा नमूना कृषकको रुपमा रहेका कृषकलाई उत्कृष्ट कृषकको रुपमा सम्मान गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

१२. माहामारी रोग लगायत अन्य रोग नियन्त्रणका लागी आवश्यक वजेटको व्यवस्थापन गरेको छु ।

१३. साप्ताहिक हाटबजार संचालनलाई निरन्तरता दिईने छ, साविकका ५ वटै गा. वि.स. हरुमा कृषि संकलन केन्द्र स्थापना गर्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छ ।

१४. कृषि तथा पशुपंछि संघीय सरकारबाट र स्थानीय तह गरि कुल बजेट रकम रू **४२ लाख ८४ हजार विनियोजन गरेको छु।**

**सडक तथा भौतिक पूर्वाधार**

१. नरहरिनाथ गाउँपालिका अन्तर्गत रिङरोड सडक निर्माणलाई उच्च प्राथमिकता दिइएको छु। खुलालु--लालु-माल्कोट -रुप्सा चुना सम्मको सडक निर्माणका लागी बजेट रू १ करोड विनियोजन गरेको छु र सैन्य खोला देखि नुवादेवमाडु सम्म सडक निर्माणका लागी बजेट रू १ करोड विनियोजन गरेको छु ।

२. विश्वकुना पिपलरुख थाडीमाडु उच्छव रामारोशन पर्यटकीय मार्गका लागी बजेट रू ३ करोड विनियोजन गरेको छु।

३. खुलालु लालु माल्कोट रुप्सा चुना सम्मको सडक निर्माण योजनाको लागी रू ५० लाख विनियोजन गरेको छु ।

४. माथिल्लो अदेला खानेपानी निर्माणका लागी रू १ करोड विनियोजन गरेको छु ।

५. खुलालु देखि बल्दे हुदैं गिठापाटा सम्म मोटरबाटो स्तरोन्नतिका लागी रू २० लाख विनियोजन गरेको छु ।

६. माल्कोट अमना गणेशपुर हुदैं नेवलपधेरा सम्म सडक निर्माणका लागी रू १ करोड विनियोजन गरेको छु ।

७. सरस्वति आधारभूत विद्यालय खुलालुको भवन निर्माणका लागी रू ५० लाख विनियोजन गरेको छु

८. छेपाडे खर्क देखि अछाम जिल्लाको सिमाना सम्मको अन्तर प्रदेश सडक निर्माणका लागी रू १ करोड विनियोजन गरेको छु ।

९. गाउँपालिका केन्द्र देखि वडा नं. ४ र ५ जोड्ने सडक निर्माणका लागी रू १ करोड विनियोजन गरेको छु ।

१०. शान्ती मा.वि. रातिमाटीको भवन निर्माणका लागी रू ५० लाख विनियोजन गरेको छु ।

११. रुपादेवी आ.वि. नरहरिनाथ ९ को भवन निर्माणका लागी रकम रू २० लाख विनियोजन गरेको छु

१२. वडा कार्यालय निर्माण भई सकेका वडा कार्यालयबाट चुस्त दुरुस्त सेवा प्रवाह गर्नुका साथै वडा कार्यालयको भवन निर्माण नभएका वडा कार्यालयका लागी प्रदेश सरकार समक्ष बजेट मागका लागी आवश्यक पहल गरेको छु ।

१३. झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत रकम रू १० लाख विनियोजन गरेको छु ।

१४. रहगाड झो.पु लाई उच्च प्राथमिकतामा राखि उक्त झो.पु. का लागी बजेट रकम रू ५० लाख विनियोजन गरेको छु ।

१५. गाउँपालिकाको केन्द्र देखि वडा कार्यालय सम्म सडक संजालमा नजोडीएका वडा कार्यालयहरु तथा बस्तिस्तर सम्म सडक संजालमा जोडनका लागी आवश्यक बजेट संघीय सरकार तथा प्रदेश सरकार समक्ष प्रदेश सरकार समक्ष पहल गरेको छु ।

१६. भेरे खोला देखि सैने खोला सम्म सडक निर्माणका लागी रकम रू १ करोड ५० लाख विनियोजन गरेको छु ।

१७. गानेचौर देखि बसन्तपुर सम्म सडक निर्माणका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

१८. पडाघट्ट देखि लामाराइटा सम्म सडक निर्माणका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

१९. गाउँपालिकाको प्रशासकीय भवन देखि योगी नरहरिनाथ आधारभूत अस्पताल हुदै छेडा सम्म सडक संजालमा जोड्नका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु

२०. सर्गा देखि चुनासम्म सडक निर्माणका लागी रकम रू ५० लाख विनियोजन गरेको छु ।

२१. लालीघाट देखि गाउँपालिका सम्म र खुलालु देखि लालु सम्मको सडको स्तरोन्नति गर्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

**जनस्वास्थ्य**

१. योगी नरहरिनाथ आधारभूत अस्पताल र गाउँपालिका मातहतका सबै स्वास्थ्य संस्था तथा आँखा उपचार र नागरिक आरोग्य केन्द्रका लागि आवश्यक औषधि खरिद गर्न बजेट व्यवस्था गरेको छु।

२. जेष्ठ नागरिक तथा अशक्त, अपाङ्ग र लचित वर्गको घरदैलो स्वास्थ्य शिविर तथा सर्वेक्षण कार्यक्रमको लागी आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

३. नरहरिनाथ गाउँपालिका वडा नं. ५ मा रहेको स्वास्थ्य चौकी रुप्सा र वडा नं. ६ मा रहेको स्वास्थ्य चौकी स्वास्थ्य चौकी माल्कोटमा दुर चिकित्सा सेवा कार्यक्रमका लागी बजेटको व्यवस्थाका लागी आवश्यक पहल गरेको छु ।

४. स्वास्थ्य चौकी र गाउँपालिकाको कार्यालयमा स्तनपान कक्ष निर्माणका लागी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५. यस नरहरिनाथ गाउँपालिकाका स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकी अन्य जिल्लामा रिफर हुने सुत्केरीको लागि गाउँपालिकाबाट निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरेको छु ।

६. विद्युतिय स्वास्थ्य सूचना अभिलेख तथा प्रतिवेदन प्रणाली **(Electronic Health Information Recording and Reporting System (EHIRRS Program in Hospital )** कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

७. दिर्गरोगि स्वास्थ्य कार्यक्रम, बालमैत्री सेवा केन्द्र स्थापना, मनोसामाजिक परामर्श केन्द्र स्थापना साझेदारी स्वास्थ्य बिमा कार्यक्रम तथा विषेशज्ञ स्वास्थ्य शिविर कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

८. योगी नरहरिनाथ आधारभूत अस्पताल र स्वास्थ्य संस्थाहरुमा आवश्यक औषधी तथा औषधिजन्य सामाग्रीहरुका लागी बजेट विनियोजन गरेको छु ।
९. सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाका लागी प्रोत्साहन भत्ता र मोबाइल स्वास्थ्य कार्यक्रमको लागी आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।
१०. योगी नरहरिनाथ आधारभूत अस्पतालको प्रयोगशाला व्यवस्थापनका लागी बजेट विनियोजन गरेको छु ।
११. गाउँपालिकामा कार्यरत स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिको लागि आवश्यक कार्य गरिनेछ। स्वास्थ्य कर्मचारिको दरबन्दीलाई आवश्यकताको आधारमा व्यवस्थापन गरिनेछ।
१२. सुरक्षित मातृत्व बाल स्वास्थ्य पोषण खाद्य स्तरोन्नति लगायत प्रवर्द्धनात्मक प्रतिकारात्मक उपचारात्मक र पुनर्स्थापनाका कार्यक्रम तथा प्राणघातक रोग क्यान्सरबाट जोगाउन गाउँपालिका भरि स्कृनिङ्ग शिविर र महिलाहरुमा देखिने गरेको पाठेघर मुखकको क्यान्सर रोकथाम गर्न स्कृनिङ्ग तथा खोप अभियानका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।
१३. एकिकृत स्वास्थ्य शिविरका संचालन गर्नका लागी आवश्यक बजेटको व्यवस्था गरेको छु ।
१४. स्वास्थ्य क्षेत्रको लागि ५ करोड ८७ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

**बहुक्षेत्रीय पोषण योजाना**

१. नेपाल सरकारको बहुक्षेत्रीय पोषण योजना तेस्रोको लक्ष्य, उद्देश्य कार्यान्वयन गर्दै मानव जीवनचक्रमा पोषणको अवस्था सुधारको लागि नेपाल सरकारबाट प्राप्त हुने सशर्त अनुदानको अलवा स्थानीय तहबाट समेत थप श्रोत रकम रू १६ लाख विनियोजन गरेको छु ।

**शिक्षा**

१. राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता संचालन गर्नका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।
२. शिक्षा क्षेत्रको गुणस्तरियता अभिवृद्धि गर्न आवश्यक प्रकृया अगाडी बढाइनेछ। विद्यार्थी अनुपातको आधारमा विद्यालय मर्ज र शिक्षक व्यवस्थापन गरिनेछ।
३. कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयबाट छनौट गरिने नमुना विद्यालयमा सहभागी हुनका लागी आवश्यक पर्ने मापदण्ड पुरा गर्नका लागी आवश्यक पर्ने बजेटका लागी प्रदेश सरकार सँग पहल गरिनेछ ।
४. स्थानीय पाठ्यक्रमलाई पूर्ण रुपमा कार्यान्वयन गर्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।
५. विद्यालयको भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
६. प्रत्येक त्रैमासिक रुपमा सम्पूर्ण विद्यालयहरुको अनुगमन पश्चात उक्त अनुगमनको प्रतिवेदन तयार गरी सार्वजनिक गर्नका लागी आवश्यक व्यवस्था गरेको छु ।
७. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्न शिक्षकहरुलाई प्रविधि मैत्री सिप विकास शिक्षण कला, क्षमता विकास र असल अभ्यास शिक्षण सिकाइ आदान प्रदानका कार्यक्रम संचालन गर्नका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

८. सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन गर्न आवश्यक बजेटको लागी पहल गरेको छु
९. शिक्षा क्षेत्रको समग्र विकासको लागि १९ करोड ५५ लाख ८५ हजार विनियोजन गरेको छु ।

**कला, संस्कृति तथा पर्यटन**

१. माल्कोट बथिलडाँडा युद्ध संग्राहालय भवन र पार्क निर्माणका लागी रू ९० लाख विनियोजन गरेको छु ।
२. सहित स्मृति भवन निर्माणका लागी रकम रू २० लाख विनियोजन गरेको छु ।
३. राष्ट्र गुरु योगी नरहरिनाथको शालिक निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
४. नरहरिनाथ गाउँपालिका वडा नं. १ मा रहेको सुनथराली विमानस्थल संचालनका गर्नका लागी सम्बन्धित निकायमा पहल गरेको छु ।
५. नागरिकहरुको आवतजावतमा सहजताका लागी सुनथराली विमानस्थल देखि मान्म सम्म **पोडवे (PODWAY) का** लागी सम्बन्धित निकाय सँग आवश्यक पहल गरेको छु ।
६. सहिद स्मृति पार्क निर्माणका लागी ३० लाख विनियोजन गरेको छु ।
७. गाउँपालिकामा रहेका सम्पूर्ण कला तथा संस्कृतिको संरक्षण तथा जगेर्ना गरिनेछ।
८. राष्ट्र गुरु योगी नरहरिनाथको जन्म जयन्तिको अवसरमा रहगाडमा मेलाका लागी आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।
९. गाउँपालिका सांस्कृतिक सम्पत्तीको रुपमा रहेका मेला तथा महोत्सव मार्फत पर्यटन प्रवर्द्धनका कार्य संचालन गरिनेछ।
१०. समग्र कला तथा संस्कृतिको जगेर्नाको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु।
११. भाषा तथा संस्कृतिको विकासको लागि बजेट विनियोजन गरेको छु।

**सामाजिक सुरक्षा**

१. सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई प्रभावकारी र पार्दशिक बनाउन वास्तविक लाभग्राही सुनिश्चितताका लागी राष्ट्रिय परिचयपत्र नम्वर अद्यावधिक गरी अनिवार्य रुपमा वायोमेट्रिक भेरिफिकेशन गर्नका लागी वायोमेट्रिक Scanner डिभाइस खरिद तथा संचालन गर्नका लगी आवश्यक बजेट विनियोजन गरेको छु
२. **बेसाहारा नागरिकका सँग अध्यक्ष कार्यक्रम**लाई यस आर्थिक बर्ष पनि निरन्तरता दिएको छु ।
३. विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन विपद्को पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभ समेतको चरणको लागि आवश्यक तयारी गरिनेछ। विपद् न्यूनीकरण तथा प्रतिकार्यकालाई विभिन्न संघ संस्थाहरूसँग सहकार्य गरिनेछ।
४. गाउँपालिकालाई बालबालिका मैत्री बनाउन **एक वडा एक बाल उद्यानको** निर्माण कार्यको गरिनेछ।
५. स्वास्थ्य विमा कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ। विपन्न वर्गको बीमा कार्यको आवश्यक बजेट विनियोजन गरेको छु।

६. गाउँपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरेको छु।
७. सामाजिक सुरक्षा तर्फ १२ करोड ५५ लाख विनियोजन गरेको छु ।

**युवा, रोजगार तथा खेलकुद**

१. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्धारा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रमका लागी रकम रू १ करोड १ लाख ११ हजार विनियोजन गरेको छु ।
२. कर्णाली प्रदेश सरकारद्धारा संचालित मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्रति वडामा रू १५ लाखका दरले रकम रू १ करोड ३५ लाख विनियोजन गरेको छु ।
३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न आयोजनाहरु प्रभावकारी संचालन गर्न आवश्यक साझेदारि बजेट विनियोजन गरेको छु ।
४. युवा उद्यमी विकास कार्यक्रम संचालन गर्नका लागी आवश्यक बजेटको लागी पहल गरेको छु ।
५. राष्ट्रका लागी खेलकुद स्वास्थ्यका लागी खेलकुद भन्ने नारालाई साकार पार्न गाउँपालिकामा खेलकुदको विकास गर्न खेलकुद प्रतियोगिताहरू आयोजना गरिनेछ।
६. साविकको गा.वि.स. मा रहेको मा.वि विद्यालयहरुमा १ जना खेलकुद शिक्षकको व्यवस्था गरेको छु
७. खेलकुद पूर्वाधार निर्माणका लागी आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।
८. रहगाड खेलकुद मैदानको स्तरोन्नतिका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।
९. रमा मा.वि. कालाशिल्लाको खेलकुद मैदानका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।
१०. स्थानीय रोजगार रणनिति २०८१ निर्माण गरि रोजगारीका क्षेत्रहरु पहिचान गरेर वेरोजगार व्यक्तिलाई रोजगारको अवसरहरु सृजना गरिनेछ ।
११. युवा तथा खेलकुदको विकासको लागि १३ लाख विनियोजन गरेको छु। साथै श्रम तथा रोजगारीको क्षेत्रको लागि रु २ करोड ३६ लाख विनियोजन गरेको छु।

**सुशासन**

१. कालिकोट जिल्लाका ९ वटा स्थानीय तह मध्ये नरहरिनाथ गाउँपालिका स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा ८८ अंक सहित प्रथम स्थान हासिल गर्न सफल भएको छ । भने वित्तिय सुशासन जोखिम मुल्याङ्कनमा जिल्लाकै ८३ अंक सहित दोस्रो स्थान हासिल गर्न सफल भएको छ । उक्त कार्यक्र संचालनका लागी आवश्यक बजेट विनियोजन गरिएको छ ।
२. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा ३ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम नरहरिनाथ गाउँपालिका र गाउँपालिका अन्तर्गत रहेका शाखा र वडा कार्यालयहरुबाट सम्पादन गरिएका कामहरुको त्रैमासकि प्रगति प्रतिवेदन तयार गरि तिन/तिन महिनामा गाउँपालिकाको वेभसाईटमा स्वतःप्रकाशन गरि नागरिकको सुसुचित हुन पाउने सूचनाको हकको प्रत्याभुति गरिनेछ।

३. नरहरिनाथ गाउँपालिका र गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्था र वडा कार्यालयहरुमा सूचना प्रविधि विभागसँग समन्वय गरि ई-हाजिरि जडान गरि पूर्ण रुपमा संचालनमा ल्याउनका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।
४. गाउँपालिकामा सेवा लिन आउने सेवाग्राहिहरुलाई सहजताका लागी गाउँपालिकाको नयाँ प्रशासकीय भवनमा डिजिटल नागरिक वडा पत्र र डिजिटल बोर्डका लागी आवश्यक बजेट विनियोजन गरेको छु
५. आर्थिक बर्ष २०८०/०८१ सम्म खरिद गरिएका सम्पूर्ण सफ्टवेयर संचालन तथा व्यवस्थापन गर्नका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।
६. नागरिकहरुको गुनासो, प्रतिक्रिया र अन्य केही सुझावहरु गाउँपालिकाको वेभसाइट www.naraharinathmun.gov.np मार्फत संकलन गर्ने कार्यको व्यवस्था मिलाएको छु ।
७. जनयुद्ध तथा जनआन्दोलनको क्रममा ज्यान गुमाएका सहिदहरुका घरपरिवारलाई सम्मान गर्ने कार्यक्रमका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।
८. कर्मचारी र जनप्रनिधिहरुको क्षमता विकास गर्नका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।
१. विगतका आर्थिक वर्षहरूमा महालेखा परीक्षकको कार्यालयबाट बेरुजुको रुपमा औंल्याइएको बेरूजू रकम न्यूनीकरणको कार्यलाई प्राथमिकताका साथ पूर्ण रूपमा कार्यान्वयन गरिनेछ।
२. डिजिटल कर्णालीको अवधारणा आत्मसाथ गर्दै डिजिटल गाउँपालिका निर्माण गर्नका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।
३. व्यवस्थापन तथा सर्भेक्षण (O&M) गरी गाउँपालिकामा रिक्त रहेका पदहरुमा प्रदेश लोक सेवा आयोगमा माग आकृति फारम भरि प्रदेश लोक सेवा आयोगमा रिक्त दरबन्दीमा पदपूर्तीको लागी आवश्यक व्यवस्था गरिनेछ।
४. न्यायीक समितिबाट गरिने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**राजश्व प्रशासन**

१. गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गर्न राजश्वका स्रोतहरु पहिचान गरि राजश्वका दायरा वृद्धिमा विषेश जोड दिइनेछ।
२. गाउँपालिका र गाउँपालिका अन्तर्गतका शाखा र वडा कार्यालयहरुले प्रत्येक दिन संकलन भएको राजश्व सोहि दिन सफ्टवेयरमा आम्दानी बाँधि सोहि दिन बैंक दाखिला गर्ने र बैंकको पहुँचबाट टाढा भएका वडा कार्यालयहरुले तिन दिन भित्र सम्बन्धित बैंकमा राजश्व दाखिला गरि बैंक भौचर गाउँपालिकाको राजश्व इकाइमा पेश गर्नका लागी आवश्यक पहल गरिनेछ ।
३. गाउँपालिका, अन्य वडा कार्यालय र शाखाबाट कर चुहावटलाई न्यूनीकरण कम गर्न सफ्टवयेर स्थानीय सञ्चित कोषमा राजश्व व्यवस्थापन मोड्युल (SuTRA) अनिवार्य लागु गरिनेछ ।राजश्व प्रणालीलाई व्यवस्थित गर्न सूचना प्रविधिको प्रयोग गरिनेछ। राजश्वको क्षमता तथा असुलीको अवस्था

समेतको अनुपातको विश्लेषणको आधारमा वडा समितिलाई बजेट विनियोजन गर्ने कार्यको सुरुवात गरिनेछ। आर्थिक वर्ष २०८१/८२ को लागि प्रश्तාविक कर तथा राजश्वका दरहरू केही परिमार्जन सहित विनियोजन विद्येयकमा प्रश्ताव गरेको छु।

**वन वातावरण तथा विपद् व्यवस्थापन नीति**

१. गाउँपालिकामा निर्माण भइसकेको स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना पूर्ण रुपमा कार्यन्वयन र विपद् जोखिम न्युनिकरणका निम्ति भौतिक पुर्वाधारले मात्र सम्भव नभएका कारण वायोइञ्जिनियरिङको अवधारणालाई पूर्ण रुपमा कार्यान्वयन गर्नका लागी आवश्यक बजेटका लागि विभिन्न संघ संस्था समक्ष पहल गरेको छु
२. नरहरिनाथ गाउँपालिमा रहेका प्रत्येक वडाहरुमा खोज तथा उद्धारका सामाग्रीहरुको व्यवस्थापन गर्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।
३. वन वातावरण तथा विपद व्यवस्थापन तर्फ बजेट रकम रू ३० लाख विनियोन गरेको छु ।

**ग्रामीण उद्योग तथा व्यापार**

१. उद्योग विकास शाखा नरहरिनाथ गाउँपालिकाद्धारा संचालित गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा स्थानिय स्तरमा खेर गइरहेको स्रोत साधनलाई मध्यनजर गर्दै समुदायको मागमा आधारित उद्यमशिलताको माध्यमबाट प्राविधिक सिप विकास तालिम संचालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
२. विभिन्न किसिमका सीप विकास कार्यक्रम लगायत अन्य उद्यम सम्बन्धि कार्यम्रमका लागि बजेटको व्यवस्थापन गरेको छु ।
३. उद्योग विकास तर्फ आवश्यक बजेट रकम रू १८ लाख विनियोजन गरेको छु ।

अन्त्यमा, आर्थिक वर्ष २०८१/८२ को बजेट निर्माण कार्यमा प्रत्यक्ष अप्रत्येक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधीहरू, राजनीतिक दलहरू, गैरसरकारी संघसंस्थाहरू, कर्मचारीहरू, शिक्षक, बुद्धिजीवी, आम नागरिक, सुरक्षाकर्मी, पत्रकार, घाइते तथा सहिद परिवार लगायत सम्पूर्णमा विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु।

**धन्यवाद ।**

**कमल कुमार शाह**
**उपाध्यक्ष**
**नरहरिनाथ गाउँपालिका**